नेशनल हाईड्रो पावर कम्पनि लि.

# National Hydro Power Co. Ltd.

बालुवाटार, काठमाडौं

## Balance Sheet as on 13 April, 2015 (Unaudited)

| Particulars | F/Y: 2071/72 (3rd Qtr.report) | F/Y: 2070/71 Unaudited |
|---|---|---|
| **Source of Fund** | | |
| **Share Capital & Liabilities** | | |
| **1. Share Capital & Reserve** | | |
| a. Share Capital | 1,385,911,200.00 | 1,385,911,200.00 |
| b. Reserve & Profit | 246,634,669.62 | 167,274,757.87 |
| **2. Medium & Longterm Loan** | | |
| a. Secured Loan | 114,546,225.64 | 166,233,211.05 |
| b. Unsecured Loan | | |
| **Total** | **1,747,092,095.26** | **1,719,419,168.92** |
| **Utilization of Fund** | | |
| **Net Current Assets** | | |
| **1. Fixed Assets** | **1,242,731,185.41** | **1,266,065,684.80** |
| **2. Investment** | 350,041,000.00 | 350,041,000.00 |
| **3. Current Assets** | **131,339,116.54** | **70,314,308.82** |
| a. Stock Balance | 6,724,361.45 | 6,724,361.45 |
| b. Commercial & Other Receivable | 17,225,256.00 | 17,541,526.00 |
| c. Cash & Bank Balance | 9,039,865.00 | 646,138.51 |
| d. Prepaid & Advance, Loans and Deposit | 98,349,634.09 | 45,402,282.86 |
| **Less, Current Liabilities & provision** | | |
| **1. Current Liabilities** | **7,705,830.54** | **5,360,104.51** |
| a. Commercial & Other Payables | 7,705,830.54 | 5,360,104.51 |
| b. Short Term Loan | | |
| c. Term Loan Payable in current Period | | |
| **2. Provision** | | |
| **Net Current Assets** | **1,235,025,354.87** | **1,260,705,580.29** |
| **Expenses to the extent not written off** | 30,686,623.85 | 38,358,279.81 |
| **Total** | **1,747,092,095.26** | **1,719,419,168.92** |

## INCOME STATEMENT up to 13 April,2015 (Unaudited)

| Particulars | Current Year F/Y: 2071/72 | F/Y: 2070/71 |
|---|---|---|
| Sales | 143,723,991.70 | 179,864,237.40 |
| Cost | 45,178,690.00 | 31,899,765.00 |
| **Gross Profit** | **98,545,301.70** | **147,964,472.40** |
| Others Income | 91,975.50 | 42,721.00 |
| Administration Exp. | 4,332,101.70 | 7,169,132.86 |
| **Operating Profit** | **94,305,175.50** | **140,838,060.54** |
| Interest exp. | 21544561.3 | 32,563,776.16 |
| Depreciation | 23,334,499.39 | 32,024,568.72 |
| Write off | 5,753,741.97 | 7,671,655.96 |
| **Income Before Tax & Bonus** | **43,672,372.84** | **68,578,059.70** |
| Bonus | 873,447.46 | 1,371,561.19 |
| **Net Income** | **42,798,925.38** | **67,206,498.51** |
| Previous Year Profit/Loss | 203,835,744.24 | 136,629,245.73 |
| Transferred to b/s. | **246,634,669.62** | **203,835,744.24** |

***नोट : यस कम्पनिको वित्तिय विवरण वैधानिक लेखापरिक्षणमा (Statutary Audit) मा फरक पर्न जान सक्नेछ ।***

## आ.व. २०७१/७२ को तेस्रो त्रैमासिक प्रतिवेदन

**अनुसूची १**

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली**

**(२०६५ को अनुसूची १४ नियम २२ को उपनियम २ सँग सम्बन्धित)**

### १ वित्तिय विववरण

(क) त्रैमासिक अवधिको संक्षिप्त वासलात र नाफा नोक्सान सम्बन्धी विवरणहरू यसै साथ संलग्न गरिएको छ ।

(ख) न्यूनतम रुपमा प्रमुख वित्तिय विवरणहरू :

प्रतिशेयर आम्दानी रु.४.६१ (वार्षिकीकरण), प्रति शेयर नेटवर्थ रु ११५.५८

मूल्य आम्दानी अनुपात (PE Ratio) २५.६० प्रति शेयर कुल सम्पत्तिको मूल्य रु.१२४.४०

### २ व्यवस्थापकीय विष्लेषण

क) कम्पनिको नाफा र नगद प्रवाहमा प्रतिकुल असर पर्ने खालको घटना र अवस्था देखिएको छैन । तर मानविय नियन्त्रण भन्दा बाहिर पर्ने दैवि प्रकोप (काबु बाहिर) को असर भने रहन सक्छ ।

### ३. कानूनी कारबाही सम्बन्धी विवरण :

आ.व.२०६४/६५, २०६५/६६ तथा २०६६/६७ को कर परिक्षण गर्ने क्रममा अग्रिम आयकर कटाई ढिलो दाखिला गरेको भनि रु.२,४७,९१,३९१।६७ शुल्क तथा जरिवाना दाखिला गर्न आन्तरिक राजस्व कार्यालयले आदेश दिएको छ । उक्त कर फरफारक गर्नको लागी कर फछ्र्यौट आयोगमा निवेदन दिइएको छ ।

क) यस कम्पनिले श्री योगेन्द्र राई विरुद्ध सम्मानित पुनरावेदन अदालत पाटनमा दायर गरेको कम्पनि ऐन २०६३ गैह्र कानूनी कार्य रोकी दिई सम्मको सजाय गरी पाउं भन्ने बारे मुद्दा विचाराधिन रहेको छ ।

ख) यस कम्पनिले श्री दीपक कार्की विरुद्ध सम्मानित पुनरावेदन अदालत पाटनामा दायर गरेको कम्पनि ऐन २०६३ कानूनी कार्य रोकी बदर गरी सजाय समेत गरी पाउं भन्ने बारे मुद्दा विचाराधिन रहेको छ ।

ग) यस कम्पनिले श्री कम्पनि रजिष्ट्रारको कार्यालय विरुद्ध सम्मानित पुनरावेदन अदालत पाटनमा दायर गरेको गैह्र कानूनी निर्णय एवं पत्रहरू समेत बदर गरी अनधिकृत कार्य गर्नेलाई दण्ड सजाय गरी पाउं भन्ने बारे मुद्दा विचाराधिन रहेको छ ।

घ) यस कम्पनि विरुद्ध श्री दीपक कार्की समेतले सम्मानित पुनरावेदन अदालत पाटनमा दायर गरेको निषेधाज्ञा जारी गरी पाउं भन्ने बारे मुद्दा विचाराधिन रहेको छ ।

### ४. कम्पनिको शेयर कारोवार सम्बन्धी विवरण

अधिकतम् मूल्य रु.१२२।- न्यूनतम मूल्य रु.११८।-

अन्तिम मूल्य रु.१२२।- कारोवार भएको कुल दिन ५५ कारोवार संख्या ७५०३५

### ५. समस्या, चुनौतिहरू तथा रणनीति

यस कम्पनि मुख्य प्रवर्द्धक रहेको सुनकोशी हाइड्रोपावर कं.लि.ले प्रवर्द्धन गर्ने भनिएको ४.५ मेगावाट क्षमताको तल्लो इन्द्रावती जलविद्युत आयोजनाको विद्युत उत्पादनको अनुमति पत्र अख्तियार दुरुपयोग अनुसन्धान आयोगको आदेश अनुसार मिति २०७१/०९/३० को उर्जा मन्त्रालय सचिवस्तरीय निर्णयले खारेजी भएको छ ।

त्यस आयोजनामा लगानी भएको पूंजी वापतको रकम रु.३५,००,००,०००।- र कर्जा वापतको रकम रु. २५,६६,००,२३२।- गरी जम्मा ६०,६६,००,२३२।०८ (अक्षरेपी रु. साठी करोड छैसट्ठी लाख साठी हजार दुई सय बत्तिस आठ पैसा) रहेको छ । (आ.व. २०६७/६८ को अडिटेड वित्तिय विवरण अनुसार)

यस कम्पनिको कर्जा आ.व. २०७२/७३ को पौष मसान्त सम्ममा पूरे चुक्ता हुने हुंदा कम्पनीको नगद प्रवाहमा वृद्धि हुन जानेछ । शेयरधनीहरूको लगानीको सुरक्षा र प्रतिफलको लागि लगानीयोग्य नयां प्रोजेक्टको खोजी र कन्सोर्टियम बैंकसंग सुनकोशी हाइड्रो पावरको कर्जाको ब्याज, जरिवाना सम्बन्धी विस्तृत छलफल भइरहेको छ ।

### ६. संस्थागत सुशासन

कम्पनिको आर्थिक तथा प्रशासनिक कार्यलाई व्यवस्थित गर्न आर्थिक प्रशासन विनियमावली र कर्मचारी व्यवस्थापनको लागि कर्मचारी सेवा शर्त विनियमावली लागू गरिएको छ। कम्पनी ऐन २०६३ को प्रावधान बमोजिम लेखापरीक्षण समिति गठन गरेको छ। त्यस्तै गरी खरिद समिति र मानव संशाधन समिति गठन गर्ने गरिएको छ ।

### ७. सत्य तथ्य सम्बन्धमा कार्यकारी प्रमूखको उद्घोषण

आजको मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा पूर्ण उत्तरदायित्व लिन्छु, साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरूलाई सुसूचीत गर्ने आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन ।

nepalsharemarket.com